# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## झुम्का, सुनसरी

प्रथम पटक प्रकासित मिति २०७७।०३।१६

प.स.०७६/०७७

च.नं. ३२६५

विषय : ठेक्काको लगाउने वारेको १५दिने सुचना ।

यस नगरपालिकाको मिति २०७७/०३/०९ गते वसेको वैठकको निर्णय अनुसार यस नगरपालिका अन्तर्गत तपसिल वमोजिमको साप्ताहिक हाट बजार र गुद्रीबजारको कर संकलन तथा पटके सवारी कर संकलन गर्न ठेक्का टेण्डर द्वारा वन्दोवस्त गर्नु पर्ने भएकोले सम्वन्धित सबैको जानकारीकोलागि यो सार्वजनिक सुचना प्रकासित गरिएको छ ईच्छुक संघ/संस्था व्यक्तिहरुले तपसिलका सर्तको अधिनमा रही शिलवन्दि टेन्डर तोकिएको मिति र समयमा छुट्टा छुट्टै दर्ता गराउन हुन अनुरोध छ ।

## तपसिल

| क.सं. | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक बार्षिक रु. | बोलपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिममिति | बोलपत्र दर्ता गर्ने अन्तिममिति | शिलबन्दिबोलपत्रखोलिने मिति |
|---|---|---|---|---|---|---|
| १. | रामधुनी १ र ५ मालाग्ने शनिवारे बुधवारे साप्ताहिक हटिया तथा दैनिकगुद्रि बजार | १५१९१६०।०० | १,०००।०० | २०७७।०३।३० | २०७७।०३।३१ दिनको १२ वजे सम्म | २०७७।०३।३१ दिनको २ बजे |
| २. | रामधुनी ६ बक्लौरीमालाग्ने आईतवावारे साप्ताहिक हटिया तथा दैनिकगुद्रिबजार | १,९५,७९१।०० | १,०००।०० | " | " | " |
| ३. | रामधुनी ८ मा शनिवारे बुधवारे लाग्ने साप्ताहिक हटिया तथा दैनिकगुद्रि बजार | ८१,३२९।०० | १,०००।०० | " | " | " |
| ४. | बिज्ञापन कर | ६,६०,०००।०० | १,०००।०० | ,, | ,, | ,, |

## ठेक्काको सर्तहरु

१. शिलबन्दि दरभाउ पत्रफारम खरिद गर्ने बुझाउने अन्तिम दिनहरुमा कुनै सार्वजनिक विदा पर्न गएमा विदा पछि लाग्ने कार्यालय खुलेको दिनलाई सो कार्यक्रमको लागि गणना गरिने छ ।

२. प्रत्येक ठेक्काको छुट्टाछुट्टै बोलपत्र फारम फिर्ता नहुने गरि खरिद गरि पेश गर्नु पर्ने छ । आफुले कवोल गरेको अंकको एकमुष्ठ रकममा ५% (ना.प्र.प.को प्रतिलिपी पेश गर्नु पर्ने) घरौटी रकम यस नगरपालिकाको नाममा रहेको एन.आई.सी.एसिया .बैकं झुम्का स्थित धरौटी खाताच.हि.नं. ०८९२०५००२७९०८०१५ मा दाखिला गरेको बैक भौचर वा सो वमोजिमको नगदै रकम कार्यालयमा बुझाएको नगदी रसिद संलग्न राखि लाहा छाप शिलवन्दि गरी तोकिएको मिति र समय सम्ममा नगरपालिकाको मुख्य कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ । र सोहि दिन

दिनको २.०० वजे नियमानुसार दर्ता भएको शिलवन्दि दरभाउ पत्रको टेण्डर फारम कार्यालय तथा प्रतिनिधिहरुको रोहवरमा खोलिने छ ।

३. आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट गरि लेखिएको हुनुपर्ने छ । अंक र अक्षरमा (कवोल रकम) फरक परेमा अक्षरलाई मान्यता दिईने छ । टेण्डर फारम भर्नेको नेपालीले नागरिक्ताको प्रमाणपत्रको छायाँप्रति तथा दरभाउ पत्र फरम खरिद गरेको नगदि रसिदअनिवार्य संलग्न राख्नु पर्ने छ ।

४. रित नपुगि दर्ता पेश हुन आएको टेन्डर फारम लाई कुनै पनि शर्तमा मान्यता दिईने छैन ।

५. रामधुनी वा.नं. १ हाटखोला भित्र रहेको स्टल (टहरा) मा रहेको पसलमा कर दस्तुर उठाउन पाउने छैन् ।

६. साविकमा यस कार्यालयलाई तिर्न बुझाउन बाँकी रहने व्यक्ति वा संघ संस्थाले ठेक्कामा सहभागि हुन पाउने छैन ।

७. कर संकलन गर्न प्रयोग गर्ने रसिद आफैले व्यवस्था गर्नु पर्ने छ । कर दस्तुर नगर परिषदले निर्धारण गरे वमोजिम उठाउनु पर्ने छ । रसिद न.पा. वाट प्रमाणित गराई मात्र प्रयोग गर्न पाईने छ ।

८. दरभाउ पत्र फारम जसको नाम वाट जुन प्रयोजनको लागि खरिद गरिएको छ सोहि व्यक्ति वा फर्मको नाममा र सोहि प्रयोजनमा दरभाउ पत्र दर्ता गर्नु पर्ने छ । नाम फेरी दरभाउ पत्र दर्ता गराएमा त्यस्तो दरभाउ पत्रलाई मान्यता दिईने छैन् ।

९. ठेक्का स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ सात दिन भित्रमा आफुले कवोल गरेको रकम एकमुष्ठ बुझाएमा एक मुष्ठ वुझाए वापत १० प्रतिशत छुट दिइनेछ ।

१०. ठेक्का सम्वन्धि लाग्ने कर दस्तुर ठेकेदारले नै वेहोर्नु पर्ने छ ।

११. मापदण्ड विपरितको काम वा संझौता उलंघन गर्ने काम कुनै पक्ष वाट गर्न पाईने छैन गरेमा सो वाट हुने क्षतिपुर्ती र नियमानुसारको कार्यवाही सोही पक्षले वेहोर्नु पर्ने छ ।

१२. ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहने छ ।

१३. हटिया तथा गुद्रीबजारको सर सफाई ठेकेदार स्वयले गर्नु पर्ने छ ।

१४. हटिया तथा गुद्रीवजार व्यवस्थापन भई नगरपालिकाले अन्य क्षेत्रमा सरेर गएमा सोही स्थानमा गई गुद्रीवजार तथा हटियाको कर दस्तुर उठाउनु पर्ने छ ।

१५. नेपाल सरकारले निषेध गरेका कुनै पनि काम हाट, बजार, दैनिक गुद्रि बजार तथा अन्य ठेक्कामा गर्नपाईने छैन् ।

१६. सुचनामा लेखिएवाहेकको प्रावधानहरुको हकमा प्रचलित कानुन वमोजिम हुनेछ ।

१७. तोकिएको शर्तमा आल टाल गरेमा धरौटी रकम जफत गरी दोश्रो कमको दरभाउ पत्र दाता व्यक्ति वा संस्था संग सम्झौता गरी ठेक्का दिईने छ ।

नौट : अन्य विस्तृत कुरा वुझ्नु पर्ने भएमा कार्यालयको फो.नं. ०२५-५६२००५, ०२५-५६२५६६ मा सम्पर्क गरि वा कार्यालय समयमा नगरपालिकाको कार्यालयमा आई वुझ्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका